"समतामुलक,समृद्ध पर्यटकीय नगरीः
पहिचान सहितको हाम्रो घोडाघोडी"

# घोडाघोडी नगरपालिकाको
# नीति तथा कार्यक्रम
# आ.व.(२०८०-०८१)

**घोडाघोडी नगरपालिकाको नगरसभाको**
**१७ औ अधिवेशनमा**
**नगरप्रमुख श्री खडक बहादुर रावतद्वारा प्रस्तुत**
**नीति तथा कार्यक्रम**
**आर्थिक वर्ष २०८०-०८१**

## घोडाघोडी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
**सुखड,कैलाली**
**सुदूरपश्चिम प्रदेश,नेपाल**

# **आर्थीक बर्ष २०८०-८१ नीति तथा कार्यक्रमः**

**नगरसभाका सदस्यहरु,**
यस घोडाघोडी नगरपालिकाको नगर प्रमुख एंव सभाको अध्यक्षको हैसियतले यस गरिमामय नगरसभामा नगरपालिकाको आगामि आर्थिक बर्ष २०८०-०८१ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा गर्वको अनुभुती महसुस गरेको छु।

आर्थिक बर्ष २०८०-०८१को वार्षिक निति तथा कार्यक्रम तयार पारिरहदा **समतामुलक,समृद्ध पर्यटकीय नगरी,पहिचान सहितको हाम्रो घोडाघोडी**को भावि तस्विरलाई सामुन्नेमा राखि अघि वढेको छु।

नगरको सामाजिक,आर्थिक,भौगोलिक तथा सास्कृतिक विविधतालाई आत्मसात गर्दै सन्तुलित र समन्यायिक विकासको बाटोमा अघि वढन नगर सरकारलाई द्दढ र विश्वासिलो सरकारका रुपमा अघि वढाउन **जनप्रतिनिधिहरु शासक होईनन जनताका सेवक हुन** भन्ने मान्यतालाई शिरोधार्य गरि सहयोग,सहकार्य,समन्वय र साझेदारी सयन्त्र वाट नै समृद्धि हासिल गर्न सकिन्छ भन्ने मान्यता लाई मार्गदर्शन सिद्धान्तको रुपमा ग्रहण गरेको छु।

नेपालको संविधान,स्थानीय सरकार संचालन ऐन २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, दिगो विकासका लक्ष्य हासिल गर्ने लगायतका नेपाल सरकारले अन्तराष्ट्रिय क्षेत्रमा जनाएका प्रतिवद्धतावाट सिर्जित दायित्व, नेपाल सरकारको १५ औ आवधिक योजना,सुदुरपश्चिम प्रदेश सरकारको प्रथम आवधिक योजना,नेपाल सरकार र सुदूरपश्चिम प्रदेश सरकारले तर्जुमा गरेको आर्थिक वर्ष २०८०-०८१ को बार्षिक बजेट,नीति तथा कार्यक्रम,घोडाघोडी नगरपालिकाको प्रथम पञ्च वर्षिय आवधिक योजनाको मस्यौदा,आर्थिक बर्ष २०७९-०८० को बार्षिक बजेट निति तथा कार्यक्रमको पृष्ठ पोषणका साथै नगरपालिका क्षेत्रवाट प्रतिनिधित्व गर्नु हुने प्रतिनिधी सभा सदस्य,प्रदेश सभा सदस्य,नगरपालिकाका नगरसभाका सदस्यहरु,विषयगत समितिका संयोजक एंव सदस्य,विषयगत शाखाका शाखा प्रमुख,विभीन्न राजनैतिक दल,वुद्धिजिवि,नागरिक समाज,व्यापारी,व्यवसायी,विद्धत वर्ग एंव घोडाघोडी नगरवासीहरुबाट प्राप्त सुझावहरुका साथै हामिले जनाएका चुनावी प्रतिवद्धता र प्रचलित ऐन कानुनको परिधि भित्र रही यस घोडाघोडी नगरपालिकाको आर्थिक बर्ष २०८०-०८१ को बार्षिक नीति तथा कार्यक्रम तर्जुमा गरेको छु।

**सभाका सदस्यहरु,**

सर्वप्रथम म घोडघोडी नगरपालिकाको आर्थिक बर्ष २०७९-०८०को बार्षिक नीति तथा कार्यक्रमकार्यान्वयनको संक्षिप्त समिक्षा प्रस्तुत गर्दछु।

- सार्वजनिक सेवा प्रवाह लाई चुष्त,दुरुस्त र पारदर्शी वनाउन आवधिक योजना निर्माण, घुम्ती सेवाका रुपमा नगरकार्यपालिका र नगरसभा संचालन,एकिकृत घुम्ती सेवा संचालन,नियमित बजार अनुगमन,मनोरञ्जनका क्षेत्रहरुको अनुगमन,ग्रामिण अल्ट्रा साउण्ड,कर्मचारी तथा जनप्रतिनिधिको क्षमता विकास कार्यक्रम,सरोकारवाला पक्षहरु संग अन्तरकृया तथा सुझाव संकलन कार्यक्रम, नगरपालिकाले गरेका काम काज लाईभ प्रशारण,चौमासिक,अर्धवार्षिक र वार्षिक प्रगती समिक्षा,संस्थागत क्षमता सुदृढीकरण,डिजिटल नगरपालिकाका डिजिटाईजेशन,डिजिटल घर नम्वर,डिजिटल डिस्पले बोर्ड,मोबाईल एप्स सेवा,सुचना तथा संचारमा पहुच अभिबृद्धी,समयसापेक्ष ऐन कानुन निर्माण तथा संशोधन, आयुर्वेद अस्पताल संचालन,आरोग्य नागरिक सेवा केन्द्र संचालन,जनचेतनामुलक कार्यक्रम लगायतका विविध कार्यक्रमहरुको संचालन,शहरी विकास योजना र नगर विकास कोष संग सहयोग सहकार्य र साझेदारीको नीति लाई पुर्णरुपमा कार्यान्वयन गरिएको छ।

- नगरपालिकाको आर्थिक बिकासका लागि घरेलु तथा साना उधमी सिर्जना गर्न आवश्यक व्यवसाय संचालन,नास्ता तथा होटेल संचालन सिप,खुद्रा पसल संचालन सिप तथा तालिम,प्रविधि,परामर्श सेवा प्लाष्टिक प्रतिस्थापन गर्न दुना टपरी उधोग स्थापना, वेसार उधोग स्थपना,कृषकहरुलाई अनुदान उपलव्ध गराईएको, विभिन्न पकेट कार्यक्रम संचालन,विउ उत्पादनका लागि तालिम,सिचाई वोरीङ,पशु अन्तरगत एक वडा एक पशु फार्म,नश्ल सुधार,खोप,घासे विउ वितरण,पशु शिविर संचालन,महिला तथा अपाङ्ग हरुको नाममा व्यवसाय दर्ता गर्दा छुट,पर्यटन विकास तथा प्रवर्धन गर्न घोडाघोडी तालमा वाटर गेट निर्माण,होमस्टे विस्तार,पार्कहरु निर्माण तथा बिस्तार लगायतका कृषी हाटबजार संचालन ,उत्कृष्ट कृषक लाई पुरस्कार,प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत अति विपन्न वेरोजगार परिवार लाई श्रममा आधारीत न्युनतम रोजगारी प्रदान गरियो।

- पुर्वाधार विकास तर्फ दिगो विकासलाई आत्मसात गर्दै एक वडा एक कालोपत्रे रोड निर्माण,नगर रिङरोडको सम्भाव्यता अध्ययन,नगरका मुख्य बजार क्षेत्रमा हाईमष्ट

लाईट जडान,अतिक्रमित सडक क्षेत्र खाली, जग्गाको नापि कार्य सुरु,निर्माण गर्न बाकि वडा न ३ को कार्यालय भवन निर्माण सुरु,धर्मशाला निर्माण,स्वास्थ्य सेवा विस्तारका लगि नगर अस्पताल भवन निर्माण साथै अन्यआवश्यक स्वास्थ्य संरचना निर्माण,शैक्षिक सुधारका लागि विधायल भवन,क्याम्पस छात्रावास निर्माण,खानेपानी सेवा विस्तार,डम्पिङ साईट निर्माण,मोटरेवल पुल,सामुदायिक भवन निर्माण,सार्वजनिक शौचालय,ग्रावेल बाटो विस्तार,घोडाघोडी तालमा वाटर गेट निर्माण,सिचाईका लागि वोरिङ तथा नाला निर्माण,सामुदायिक कान्जि हाउस,घेरवार तथा तटवन्धन ,इलाका प्रहरी कार्यालयमा ट्रष्ट निर्माण,पहलमानपुर चौकि र साढेपानी चौकिमा घेरवार निर्माण,श्रीष्टिनगर टोलमा वस्ति विकास अन्तर्गत साझेदारीमा १२ वटा भवन निर्माण,जन्ता आवास कार्यक्रम अन्तरगत ३४८ वटा भवन निर्माणमा निरन्तरता , मन्दिर, मरुवा निर्माण पुर्न निर्माण,चिडियातालमा पदमार्ग निर्माण लगायतका कार्यहरु सम्पन्न गरियो ।

- सामाजिक विकास तर्फ शैक्षिक सुधारका लागि शिक्षक व्यवस्थापन, अभिभावक विहिन बालबालिकाहरुको ग्रहण गर्दै तिनिहरुको शिक्षामा पहुच सुनुश्चित्ता,शिक्षकको क्षमता विकासका लागि बिभिन्न तालिम,विधालय स्काउट स्थापना,विधालय नर्स तथा विधालय स्वास्थ्य परिक्षण कार्यक्रम ,विधार्थीको सर्वाङगिण विकासका लागि अन्तर विधालय अतिरिक्त क्रृयाकलाप,राष्ट्रपति रनिङ शिल्ड,वडा कप,मेयर कप जस्ता कार्यक्रम संचालन, विभिन्न घुम्ती स्वास्थ्य शिविर संचालन,स्वास्थ्य संस्थाको सुद्दढीकरण,विभिन्न खोप कार्यक्रम ,निशुल्क एम्वुलेन्स संचालन, पोषणका कार्यक्रम संचालन,विभिन्न प्रकारका (१६ दिने लैंगिक हिंसा अभियान, बाल बिवाह ,बहु बिबाह,घरेलु हिसां,लागु पदार्थ लगायतका विषयमा सचेतिकरण गर्न कार्यक्रम संचालन) न्यायमा पहुचका लागि अन्तरकृया,मेलमिलाप केन्द्र गठन तथा संचालन,विपन्न परिवारका लागि स्वास्थ्य राहत कोष संचालन, स्वयमसेविकाहरुलाई यातायात खर्च वापत मासिक १०००प्रदान, सामाजिक सुरक्षा घर दैलो अभियान, स्थानीय कला संस्कृती जोगाउन जात्रा,मेला,पर्व,महोत्सव संचालन, वालवालिकाका लागि रणनितिक योजना तयार,अपांग र महिलाका लागि रणनितिक योजना तयार, बजार क्षेत्रमा रहेका मदिरा तथा सुर्ती जन्य बोर्ड हटाएको,उधमशिलता विकास निति र आचार संहिता निर्माण,वित्तिय संस्था र उधमि विच अन्तरकृया तथा छलफल संचालन, विकास मार्फत जोखिम व्यवस्थापन,जलवायु अनुकुलन कृषक पाठशाला कार्यक्रम संचालन,मानसिक स्वास्थ्य सम्वन्धी तालिम,सामि प्रयोजना,वालवालिका संग संवाद,एक घर एक पोषण बगौचा,अपांग परिचयपत्र वितरण,वाल अधिकार समिति गठन,वैदेशिक रोजगारिमा जान ईच्छुक व्यक्तिका लागि अभिमुखिकरण कार्यक्रम संचालन,अन्तरपालिका सिकाइ आदान प्रदान कार्यक्रम लगायतका अन्य विविध कार्यक्रम तथा क्रियाकलाप संचालन।

- वन,वातावरण तथा विपद व्यवस्थापन क्षेत्र अन्तर्गत सामुदायिक **वनै वन रहेको घोडाघोडीमा** वन क्षेत्रको आमदानीलाई नगरपालिकाको दायरा भित्र ल्याउन र **तालै तालको नगरिको** रुपमा रहेको नगरपालिका भित्रका ठुलो क्षेत्रमा रहेका तालहरुको व्यवस्थापनका लागि कानुनि वन्दोवस्त मिलाएका छौ,कान्द्रा डोडा जस्ता विपद जोखिमका मुख्य जड नदिहरु बाट हुने क्षतिलाई न्युनिकरण वा नियन्त्रणका लागि तटवन्धनलाई प्राथमिकताका साथ अगाढी वढाउदै  विभिन्न सरोकारवाला निकायहरु संग सहयोग,सहकार्य र समन्वयको नीति अगाडी वढाएका छौ,सुचनाको पहुच वढाएका छौ र विपद पश्चात राहत वितरणको व्यवस्था गर्दै कार्यान्वयन गरेका छौ।

**सभाका सदस्यहरु,**

चालु आर्थिक वर्ष २०७९-०८० को  बार्षिक नीति तथा कार्यक्रम कार्यान्वयन गरि उल्लेख्य उपलव्धी हासिल गरेका छौ र उत्कृष्ट नीति तथा कार्य नीति हुदा हुदै पनि विविध कारणले कार्यान्वयन हुन नसकेका नीति तथा कार्यक्रमहरुलाई अगामी आर्थिक बर्षको नीति तथा कार्यक्रमा  समेटने प्रयास गरेको छु।

**सभाका सदस्यहरु,**

अब म  **आर्थिक वर्ष २०८०-०८१ को  नीति तथा कार्यक्रममा आर्थिक विकास तर्फ** कृषि, पशुपन्छि, उधोग, रोजगार सेवा, पर्यटन, सहकारी, भुमिव्यवस्थापन र सिचाई सम्बन्धी नीति प्रस्तुत गर्दछु।

**१. आर्थिक विकास**

**१.१ कृषि नीतिः**

१. चामलआयातमा न्युनिकरण गर्न मसिना तथा बास्नादार धान बालीका साथै अन्य बालीको क्षेत्र विस्तारका लागि सहुलियत कृषि ऋण प्रवाहका साथै प्रतिफलमा आधारित अनुदान  दिईने छ ।
२. प्रविधि प्रशारण तथा क्षमता विकासको माध्यमबाट आलु-तरकारी तथा खाधान्न बालीको बीउमा आत्मनिर्भर कार्यक्रम संचालन गरिने छ ।
३. सम्भाव्यताको आधारमा (खाद्यान्न/तरकारी/फलफुल/मसला) एक वडा एक पकेटको कार्यक्रम प्रभावकारी गर्न बीमा कम्पनीसंग समन्वय गरि बाली बीमा संचालन गरिनेछ ।

४. कृषि, पशु विषय अध्ययन गरेका तथा सिप भएका, बैदेशिक रोजगारीबाट फर्केका युवाहरुका लागि रोजगारीका अवसर सृजना गर्न क्षमता विकास तथा प्रस्तावमा आधारीत युवा लक्षित कार्यक्रम सञ्चालन गरिने छ ।
५. स्थापना भएका फलफूल बगैचाहरुको स्थायीत्व, उत्पादन तथा उत्पादकत्व बढाउनका लागि अन्तरबाली प्रणाली,आवश्यक औजारमा अनुदान, माटो जाँच तथा माटो सुधार जस्ता कार्यक्रम गरिनेछ ।
६. पुष्प,फलफुल,तरकारी जस्ता एक बर्षे/बहुबर्षे स्रोत नर्सरी स्थापना गरी सामुहिक,साझेदारी कृषि प्रणाली मार्फत कृषि पर्यटन तथा कृषि बन प्रणाली कार्यक्रमलाई प्राथमिकता दिईनेछ ।
७. कृषि क्षेत्रको व्यवसायिकीकरण, यान्त्रिकरण,सिंचाई र बाली संरक्षण सेवा अन्तरगत रसायनिक तथा जैविक प्रविधि प्रदर्शनमा प्राथमिकता दिईनेछ ।
८. प्रतिस्पर्धात्मक खेती प्रणालीको विकासका लागि उत्कृष्ट कृषकलाई सम्मान तथा किसान सूचिकरण कार्यक्रमलाई निरन्तरता दिईने छ ।
९. बेरोजगार सूचिमा सूचीकृत भएका व्यक्तिहरुलाई कृषि कार्यक्रमसंग एकिकृत गरेर लगिनेछ ।
१०. मौषमी रुपमा बाझो जमिन, वन तथा प्राकृतिक जलासयको हैसियत सुधार गर्ने गरी भूमि बैंकको रुपमा विकास गर्दै जैविक विविधता तथा रैथाने बाली संरक्षण,सम्बर्द्धन सदुपयोग तथा कृषि वन प्रणालीको विकास गरिनेछ ।
११. कोल्डस्टोर सञ्चालनका लागि सहयोग पुग्ने बाली उत्पादनमा प्रोत्साहन गर्न र कृषि उपजलाई बजारसंग जोड्न कृषि तथा पशुपन्छी एम्बुलेन्स सेवा संचालनको नीति लिइनेछ ।
१२. पालिका स्तरको कृषी स्रोत नर्सरी स्थापना गरि संचालन गरिने छ।

**१.२ पशु पन्छि सेवा नीतिः**

१३. सन २०३० सम्म कुकुरको टोकाई बाट सर्ने रेविज बाट हुने मानिसको मृत्युलाई शुन्यमा झार्न रेविज विरुद्धको खोप र सामुदायिक कुकुर बन्ध्याकरण शिविर सँचालन गर्दै लगिनेछ ।
१४. भेटेरिनरी सेवा प्रभावकारीताकालागि पशुपन्छि उपचार केन्द्र निर्माण कार्य अगाडी बढाईनेछ।
१५. प्रयोगशाला सेवा संञ्चालनका लागी थप जनशक्ती र क्षमता विकास कार्यक्रम संञ्चालन गरी पशु सेवा प्रभावकारी बनाउदै लगिने छ ।
१६. प्रत्येक वडामा न्युनतम २/२ गोटाका दरले जम्मा २४ गोटा पशु नियन्त्रण गर्ने खोर (ट्रेभिज) निर्माण गरिनेछ ।
१७. सामुदायिक पशुचौपाया व्यवस्थापन सहित बृहत कृषि फर्म निर्माण र विकासका लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

१८. व्यावसायिक पशु फर्म प्रर्वद्धन कार्यक्रम अनुसार व्यावसायिक पशुपालन कृषकहरुलाई खोर सुधार तथा प्राकृतिक नश्ल सुधारका लागि प्रतिफलमा आधारित अनुदान सहयोगका कार्यक्रमहरु संञ्चालन गरिनेछ।
१९. पशु सेवाको पहुँच पुग्न नसकेको क्षेत्रका लागि पशु सेवा शिविरहरु संचालन गरिनेछ।
२०. विपन्न वर्गलाई पशु सेवामा पहुँच बढाउनका लागि रजिष्ट्रेसन गरि औषधि वितरण गरिनेछ।
२१. नश्ल सुधारका लागि कृतिम र प्राकृतिक गर्भाधान प्रभावकारी बनाउन भाले पशु र सप्लिमेन्टरी सामाग्री वितरण कार्यक्रम संञ्चालन गरिनेछ।
२२. स्थानीय पशुपंछि (सामुदायिक गाई,साकिनी , घाँटी खुइले, उल्टे प्वाख, तराइ तथा खरी बाख्रा, हुर्रा बंगुर ) आदी प्रर्वद्धन गर्ने नीति लिइनेछ।
२३. पशु पालन, पशु स्वास्थ्य, पशु उत्पादन, नश्ल सुधार तथा जुनटिक रोग सम्बन्धी जनचेतना मुलक कार्यक्रम संञ्चालन गरिनेछ।
२४. पशुपन्छिहरुमा लाग्ने सरुवा रोग रोकथामको लागि खोप कार्यक्रम संञ्चालन गरिनेछ।
२५. पशु आहारा सुधार कार्यक्रम अन्तरगत घाँसको विउ, वेर्ना वितरण, घाँसका नर्सरी स्थापना र घाँसको श्रोत केन्द्र स्थापना गरिनेछ ।
२६. जुनोटिक रोग नियन्त्रणका लागि स्कुल प्रसार शिक्षा मार्फत् जुनोटिक रोगबारे जनचेतना फैलाईनेछ।प्रविधि प्रयोगका लागि पशु पालक कृषकहरुको क्षमता विकासका कार्यक्रमहरु गरिनेछ।
२७. रोगको सर्भिलेन्सका कार्यक्रम अघि बढाउदै नियन्त्रण, उपचार र जैविक सुरक्षा प्रवर्धनका  कार्यक्रम संचालन गरिनेछ ।
२८. नगर क्षेत्र भित्र रहेका सामुदायीक पशु चौपाया व्यवस्थापनलाइ प्राथमिकता दिन आवश्यक नीति लिईनेछ ।
२९. पशुजन्य उत्पादनको बजार अनुगमनलाई प्रभावकारी बनाइनेछ ।
३०. कृषि तथा पशु हाट बजार स्थापना गरी सञ्चालन गरिनेछ ।

### १.३ उद्योग विकास

३१. लघु उद्यमीहरूलाई व्यवसाय विस्तार तथा व्यवसाय सुधारका लागि तालिम दिइनेछ ।
३२. गरिबी निवारणका लागि लघु उद्मम विकास (मेड्पा) कार्यक्रम लाई निरन्तरता दिइनेछ ।

३३. स्थानीय उत्पादन तथा कच्चा पदार्थमा आधारित उद्यमशिलताका क्षेत्रहरुलाई प्रथामिकता दिइनेछ ।

३४. व्यवसायको अनुगमन,लगत संकलनका आधारमा सम्पूर्ण व्यवसायलाई नगरपालिकामा अनिवार्य दर्ता गराईने नीति लिइनेछ ।

३५. वातावरण स्वच्छ र सफा राख्न प्लाष्टिक जन्य बस्तुहरु विस्थापित गर्दै स्थानीय कच्चा पदार्थबाट निर्माण भएका बस्तुहरुको प्रयोगलाई निरन्तरता तथा प्रोत्साहन दिइनेछ ।

३६. घोडाघोडी नगर औद्योगिक ग्राम निर्माण कार्यलाइ प्राथमिकता दिइनेछ ।

३७. स्थानीय रुग्ण उधोगहरुलाई पुर्न संचालनका लागि प्राथमिकता दिईनेछ।

## १.४ रोजगार सेवा

३८. रोजगार व्यवस्थापन सुचना प्रणालीमा सुचिकृत भएका बेरोजगार व्यक्तिहरुलाई प्राथमिकताको आधारमा न्यूनतम रोजगारीको प्रत्याभुती गराईनेछ।

३९. नगरपालिका भित्र सञ्चालन हुने सार्वजनिक विकास निर्माणमा आवश्यक पर्ने अदक्ष कामदार परिचालन गर्दा निर्माण व्यवसायी, उपभोक्ता समिति तथा अन्य कार्यक्रमले अनिवार्य रुपमा रोजगार सेवा केन्द्र सँग समन्वय गरि सूचीकृत कामदार-श्रमिक प्रयोग गर्नुपर्ने व्यवस्था मिलाईनेछ।

४०. रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार व्यक्तिहरुलाई नगरपालिकाबाट सञ्चालन हुने एक वडा एक पकेट क्षेत्र लगाएत अन्य सिपमुलक तालिममा सहभागि गराई दिगो रोजगारी सिर्जना गर्ने व्यवस्था गरिनेछ।

४१. वास्तविक बेरोजगार तथा दक्ष र अदक्ष जनशक्तीहरुको पहिचान गर्नका लागि तथ्याङ्क सकंलन प्रकृयालाई व्यवस्थित गरी श्रम बैकंको रुपमा स्थापित तथा विश्वसनीय बनाइने छ ।

४२. नगरपालिका तथा वडागत आयोजनाहरु प्रधानमंन्त्री रोजगार कार्यक्रम सगं साझेदारी गरि सञ्चालन गरिने छ ।

४३. वैदेशिक रोजगारमा जान चाहने व्यक्तिहरुलाई प्रस्थान पुर्व अभिमुखिकरण,भाषा लगायतका अन्य वैदेशिक रोजगार संग सम्बन्धित तालिमको व्यवस्था गरिनेछ ।

४४. स्थानिय स्तरमा रोजगारीको अवसर तथा सम्भावनाहरुको खोजी गर्नकालागी रोजगार संवाद मञ्च प्रभावकारी बनाइनेछ ।

४५. बेरोजगार सुचिमा सुचिकृत बेरोजगार व्यक्तिहरुलाई सेवाको छनोटमा प्राथमिकता दिईनेछ।

४६. श्रमको सम्मान रोजगारीको अभियान भन्ने मुल नाराका साथ रोजगार मेला सञ्चालन गरिनेछ।

४७. आप्रवासी कामदार तथा तिनीहरुका परिवारको सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना प्रवाह, मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवा, वित्तीय साक्षरता र सीप अभिवृद्धि गर्नमा सहयोग गरिनेछ ।

४८. आप्रवासी कामदारहरुले वैदेशिक रोजगारीको दौरानमा सिकेका सीप तथा व्यवसायिक ज्ञान प्रयोग गरी स्थानीय स्तरमा रोजगारी सृजना गर्ने व्यवस्था मिलाईनेछ।

## १.५ पर्यटन सम्बन्धी नीति

४९. घोडाघोडी ताल क्षेत्रलाइ पुर्णरूपमा स्वामित्वमा लिइ व्यवस्थित गरि सञ्चालन गरिनेछ ।

५०. पर्यटकिय क्षेत्रको व्यवस्थापनको लागि घोडाघोडी पर्यटन बोर्डलाइ थप व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

५१. वृहत घोडाघोडी तालको पर्यटन विकास गुरुयोजनालाइ कार्यान्वयनमा ल्याइनेछ ।

५२. नगरपालिका भित्रका पर्यटकीय क्षेत्रहरुको प्रचार प्रसारका लागि Ghodaghodi Portal संचालनका साथै पर्यटन मन्त्रालय लगायत सरोकारवाला संघसस्थाहरूसंग समन्वय गरि प्रचार प्रसार समाग्री निर्माण तथा कार्यक्रम सञ्चालन गरिनेछ।

५३. घोडाघोडी ताल क्षेत्रको प्रवेशद्वार क्षेत्रलाइ सुन्दर र आकर्षक बनाइनेछ ।

५४. नगरपालिका क्षेत्र भित्र रहेका होमस्टेहरुको पर्वद्धन गर्दै लगिनेछ।

५५. नगरपालिका भित्र भएका प्राकृतिक तथा साँस्कृतिक सम्पदाहरुको संरक्षण संम्बर्द्धन र प्रचार प्रसारमा विशेष जोड दिईनेछ।

५६. पर्यापर्यटन विकासका लागि निजि क्षेत्र संग सहकार्यको नीति अवलम्वन गरिनेछ।

५७. नगर भित्रका घोडाघोडी ताल, चिडियाताल, सप्तरङ्गी पार्क, बुलबुले ताल, अस्ना बाबा, खुशिराम पार्क, सिताकुवा, वैसहुवाताल,वसन्ता भल्का, गुर्हाताल,राजघाट,रामकुवा,रामगढ,रक्ताहीताल, रामताल, हात्तिभम्खोयाताल, कैलाशधाम, सिमली, बुट्का बाबा,मरुवा थानको भ्युटावर लगायतका सबै पर्यटकिय स्थलहरुलाई पिकनिक स्पटको रुपमा विकास गर्दै लगिनेछ।

५८. चलचित्र विकास बोर्डको प्रादेशिक छायांकन स्थल निर्माणका लागि गुरूयोजना निर्माण गरि पूर्वाधार विकासको थालनी गरिनेछ।

५९. पर्यटन प्रवर्द्धन कार्यक्रम संगसंगै विपन्न परिवारहरूको आयआर्जन बृद्धि गर्न दातृ संस्था युएनडिपी लगाएतका संघ संस्थाहरुसंग सहकार्य गरी कार्यक्रम सञ्चालन गरिनेछ।

६०. चरा अभयआरण्य क्षेत्र(वर्ड सेन्चुरी) को संरक्षण र प्रबर्धनका लागि संघ र प्रदेश सरकारसंग समन्वय गरि बिशेष कार्यक्रमहरु संचालन गरिनेछ।

## १.६ सहकारी सम्बन्धी नीति

६१. सहकारी शिक्षा,तालिम र सूचनाको माध्यमबाट सहकारी शिक्षा अभिवृद्धि गरिनेछ ।

६२. आगामी वर्ष भित्र एउटै उद्धेश्यका दुई वटा सहकारी सस्थामा सदस्यता लिने प्रचलनलाई न्युनीकरण गर्न एक ब्यक्ति एक सहकारी नीति लाई निरन्तरता दिईनेछ ।

६३. सहकारी संस्थाहरुलाई अनुदान भन्दा क्षमता विकासमा जोड दिईनेछ ।

६४. एउटै उद्धेश्य र क्षेत्र मिल्ने सहकारी संस्थाहरुलाई समायोजनका लागि प्रोत्साहन गर्ने नीति लिईनेछ।

६५. सहकारी सस्थाहरुको सर्वाङगिण विकासका लागि अनुगमन, परिचालन तथा नियमन गरी दण्ड र पुरस्कृत गर्ने नीति लगिनेछ ।

६६. सहकारी संस्थाहरुलाई प्रोत्साहन तथा साझेदारी सहयोग गर्ने नीति लिईनेछ ।

## १.७ भूमी व्यवस्थापन सम्बन्धि नीति

६७. भूमिहिन दलित, भूमिहिन सुकुम्वासी तथा अव्यवस्थित वसोवासीहरुको विवरण सत्यापन गरि लगत संकलन इकाई मार्फत जग्गाको नापजाँच गरि जग्गाधनी प्रमाणपुर्जा उपलव्ध गराइनेछ।

६८. नगरपालिकाद्वारा यसै आ.व. बाट भु–सेवा केन्द्र सञ्चालनमा ल्याइनेछ ।

## १.८सिचाई

६९. प्राकृतिक सिचाईलाई विशेष प्राथमिकता दिईनेछ।

७०. कृषी उत्पादन र उत्पादकत्वमा अभिबृद्दी गर्न कृषि समुह,समुदाय र कृषि ज्ञान केन्द्र संग साझेदारी गर्दै स्यालो ट्युव,डिप ट्युवेल,सिचाई मिटर,मोटर प्रतिफलमा आधारितअनुदानमा वितरण गरिनेछ।

**सभाका सदस्यहरु,**

अब म ,**सामाजिक विकास तर्फ** शिक्षा, युवा तथा खेलकुद, स्वास्थ्य,खानेपानी तथा सरसफाई, लैंगिक समानता तथा सामाजिक समावेसिकरण,सामाजिक सुरक्षा तथा पंजिकरण सम्बन्धी नीति प्रस्तुत गर्दछु।

## २.सामाजिक विकास नीति

### २.१शिक्षा

७१. यस नगरपालिका स्थित सामुदायिक विद्यालयमा दरवन्दी संख्या न्यून भएकोले संघिय/प्रदेश सरकारवाट दरवन्दी प्राप्त नहुन्जेल सम्म शिक्षक विद्यार्थी अनुपातका आधारमा दरवन्दी मिलान गरिने छ । यसरी दरवन्दी मिलान गर्दा अपुग हुने शिक्षक व्यवस्थापनका लागि आवश्यक बजेट व्यवस्थापन गरि न्यूनतम नगर अनुदान शिक्षकको व्यवस्थापन गरिने छ।

७२. नीजि विद्यालयहरुको शैक्षिक गुणस्तर कायम गर्न अनुगमन प्रणालीलाई प्रभावकारी बनाई विद्यालयको वर्गीकरण गरिनेछ । साथै पोसाक र पाठ्यपुस्तक तथा प्रकाशन (पाठ्यक्रम विकास केन्द्रले परिमार्जन गरेको अवस्था बाहेक) कम्तिमा पनि पाँच बर्ष सम्म परिवर्तन गर्न नपाईने नीति लिईनेछ ।

७३. शिक्षकहरुको मनोवल उच्च राखी वालवालिकाको सिकाई उपलव्धी वृद्धि गर्न मूल्याङ्कनका वस्तुनिष्ठ आधार तय गरी पुरस्कार र दण्डको प्रभावकारी कार्यान्वयन गरिने छ ।

७४. यस नगरपालिकाको शैक्षिक विकासका लागि नगर शिक्षा योजना निर्माण भै सकेकोले यसको क्रमश कार्यान्वयन गर्दै लगिनेछ ।

७५. जीवनोपयोगी सीप विकासका लागि प्राविधिक शिक्षामा जोड दिइने छ । प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमलाई प्रवद्र्धन गर्नका लागि विभिन्न सरकारी तथा गैरसरकारी शिक्षण सँस्था मार्फत सीप परिक्षण गरी व्यवसायिक शिक्षाको गुणस्तर वृद्धिमा जोड दिइनेछ ।

७६. विद्यालय शिक्षालाई समयानुकुल तथा गुणस्तरीय बनाउन शिक्षकको क्षमता विकास गरी गुणस्तर वृद्धिमा जोड दिइनेछ ।

७७. उत्कृष्ट कार्यसम्पादन गर्ने विद्यालयहरुलाई विद्यालयको प्रस्तावनाका आधारमा नमुना विद्यालय बनाउन सहयोग उपलब्ध गराउदै लगिनेछ ।

७८. वालवालिकाको सर्वाङ्गिण विकासका लागि प्रत्येक हप्ताको शुक्रबारलाई पाठ्यपुस्तक रहित दिनको रुपमा सञ्चालन गरी व्यवहारिक तथा जीवनपयोगी सीप प्रदान गर्ने र अन्तर विद्यालय प्रतियोगितात्मक सिकाई आदान प्रदान तथा अतिरिक्त क्रियाकलाप सञ्चालन गरिनेछ ।

७९. नगर स्तरको शैक्षिक गुणस्तर सुधारका लागि परीक्षा प्रणालीमा सुधार गर्न प्राथमिक तहको अन्तिम परीक्षा ( कक्षा ५ ) र आधारभूत तह (कक्षा ८) को अन्तिम परीक्षालाई नगर स्तरमा सञ्चालन गरी विद्यार्थीको सिकाइ उपलव्धी परीक्षण गर्न परीक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

८०. प्रत्येक सामुदायिक विद्यालयले सिकाई उपलव्धी वृद्धि गर्न तहगत तथा विषयगत सक्षमता कार्यान्वयन गर्ने गरि कार्ययोजना बनाई कार्य गर्न लगाइने छ ।यसका लागि विषयगत शिक्षकहरुसँग अन्तरक्रिया सञ्चालन गरि शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाइनेछ।

८१. सामुदायिक विद्यालयको भौतिक निर्माण कार्यका लागि संघिय सरकार र प्रदेश सरकारसँग सहकार्य गरी थप सुविधा विस्तार कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ ।

८२. प्रारम्भिक वालविकास केन्द्रलाई आवश्यकता र उपयूक्तताका आधारमा विस्तार र मिलान गरी प्रारम्भिक वालविकास केन्द्रलाई शिशु विकास तथा प्रारम्भिक वालविकास केन्द्रको रुपमा विकास गर्न आवश्यक व्यवस्थापन गर्दै लगिनेछ ।

८३. गुणस्तरीय उच्च शिक्षा प्राप्तीका लागि यस नगरपालिकामा सञ्चालित क्याम्पसहरुसँग समन्वय गरि प्राविधिक शिक्षाका कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

८४. विपन्न लक्षित छात्रवृति र आधारभूत तहमा अध्ययनरत छात्रा, दलित, मुक्त कमलरी तथा अपांग तथा द्धन्द्धपीडित वालवालिकाहरुको शिक्षामा पहुँचमा अभिबृद्धि गर्न शैक्षिक छात्रवृति कार्यक्रममा सहभागि गराइनेछ।

८५. यस नगरपालिका स्थित राष्ट्रिय माध्यमिक विद्यालय सुखड मा बहु अपांगता भएका वालवालिकाहरुको लागि आवासीय विद्यालय स्थापनाको प्रभावकारी व्यवस्थापन गरी यसै आ.व. वाट निर्माण कार्यको थालनी गरिनेछ ।

८६. राष्ट्रिय प्रारम्भिक कक्षा पढाई कार्यक्रमले ल्याएका प्रावधानहरु विद्यालय स्वयंलाई कार्यान्वयन गर्न लगाई विद्यार्थी सँख्या र विद्यार्थीको सिकाइ उपलव्धी वृद्धि गरिनेछ ।

८७. माध्यमिक विद्यालयहरुमा पुस्तकालय, विज्ञान प्रयोगशाला र सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई क्रमशः जोड दिइनेछ ।
८८. विद्यालयहरुको सरसफाई तथा हरियाली वातावरण कायम गर्न प्रधानाध्यापकको कार्यसम्पादन तथा विद्यार्थीहरुको प्रयोगात्मक अंक सँग एकाकार गरि करेसावारी तथा बगैचा स्थापना गर्न लगाइनेछ ।
८९. स्थानीय पाठ्यक्रम कार्यान्वयनका लागि स्रोत सामग्री पुस्तिका निर्माणका गर्न सरोकारवालाहरुसँग समन्वयगरि कार्यान्वयनमा ल्याइनेछ ।
९०. विद्यालयको नक्सांकन गरि आवश्यकतानुसार विद्यालय समायोजन तथा कक्षा/तह थप गरिनेछ।
९१. विद्यालयहरुमा पछिल्लो समयमा वालवालिकाहरुमा देखीन थालेको मनोसामाजिक समस्याहरुलाई समाधान गर्न सरोकारवालाहरुसँग समन्वय गरि वालवालिका तथा तिनका अभिभावकहरुलाई मनोसामाजिक परामर्श दिइनेछ ।
९२. सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरुको नियमितता वृद्धि गर्न तथा स्यानीटरी प्याडको प्रभावकारी वितरण गरि विद्यालयहरुलाई यसको प्रभावकारी रुपमा व्यवस्थापन गर्न लगाइनेछ।
९३. प्रदेश र स्थानीय सरकारसँगको समन्वयमा सामुदायिक विद्यालयमा अध्ययनरत वालवालिकाहरुको स्वास्थ्य परिक्षण लाई निरन्तरता दिइनेछ ।
९४. विद्यालय दिवा खाजा कार्यक्रमलाई स्थानीय कृषि उत्पादन सँग एकाकार गरी कक्षा ७ सम्मका बालबालिकालाई विद्यालयमै खाजा तयार गरी खाने व्यवस्था मिलाईनेछ ।
९५. विपन्न दलित परिवारमा जन्मने छोरीहरुका लागि लागत साझेदारीमा रु एकहजारको छोरी पढाउ संरक्षण कार्यक्रम सञ्चालन गर्न र उच्च शिक्षा अध्ययन गर्ने नगरपालिका भित्रका जेहेन्दार छात्राहरुलाई छात्रावृत्ति प्रदान गर्न एक छात्रबृति कोष स्थापना गरि सञ्चालन गरिनेछ ।
९६. अभिभावक विहिन बालबालिकाहरुको पढाईमा निरन्तरताका लागि नगरपालिकाले लिने अभिभाकत्व ग्रहण कार्यक्रमलाई निरन्तरता दिइनेछ । साथै अनाथ तथा असहाय बालबालिकाको व्यवस्थापनका लागि SOS बालग्राम लगायत अन्य साझेदार संस्थासंग सहकार्य गरिनेछ।
९७. हरेक विद्यालयका शिक्षकहरुलाई सहभागी गराई स्काउट तालिम सञ्चालन गरिनेछ ।

९८. बाल बालिकाहरु संग नगरप्रमुख र उप प्रमुख कार्यक्रमलाई निरन्तरता दिदै श्रृजनात्मक क्षमता भएका प्रतिभावान बालबालिका कालागि प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।

## २.२यूवा तथा खेलकुद

९९. नगरपालिकावाट सञ्चालन हुने हरेका सिप विकास तालिम तथा क्षमता विकास कार्यक्रममा यूवा/यूवतिहरुलाई सहभागि गराई आत्म निर्भर बन्न प्रेरित गरिने छ ।

१००. नगर स्तरिय खेलकुद रङ्गशाला निर्माणको थालनी यसै आ. व. बाट सञ्चालन गरि वडा क्षेत्र भित्र खेलकुद गतिविधि बढाउन विभिन्न खेलकुद संरचना निर्माण गरिने छ ।

१०१. यूवाहरुको सर्वाङ्गिंण विकासकालागि खेलकुद विकासका विविध कार्यक्रमहरु सञ्चालन गरिने छ ।

१०२. **"नियमित योग, ध्यान, व्यायाम स्वस्थ्य जीवन"** भन्ने मुल नाराका साथ लागुपदार्थ दुर्व्यसनी नियन्त्रणका लागि सचेतनामुलक कार्यक्रमका साथै हरित पार्क निर्माण गरि व्यायामशाला सञ्चालन गरि नागरिकहरुलाई योग शिक्षा तर्फ प्रोत्साहन गरिने छ ।

१०३. जिल्ला तथा राष्ट्रिय स्तरमा हुने विभिन्न खेलकुदमा सहभागिता वृद्धि गरि खेलाडीहरुको क्षमता विकास गरिनुका साथै उत्कृष्ट खेलाडीहरुलाई प्रोत्साहन गरिने छ ।

१०४. मेयरकप संचालन गरिनेछ।

## २.३ स्वास्थ्य नीति

१०५. आ.व २०८०/०८१ को सुरुवातीमै १५ सैयाको नगर अस्पताल संञ्चालनमा ल्याईनेछ, साथै नगर अस्पतालमा सुविधा सम्पन्न प्रयोगशाला र अस्पताल फार्मेसी संञ्चालनमा ल्याईनेछ र स्वास्थ्य विमा कार्यक्रमलाई लागु गर्न पहल गरिनेछ । नगर अस्पताललाई आवश्यक पर्ने भौतिक पुर्वाधार, औजार तथा उपकरण र जनशक्ति व्यवस्थापन गरिनेछ । जसले गर्दा आम सर्वसाधारण जनता र आर्थिक रुपमा कमजोर तथा बिपन्न नागरिहरुले स्थानिय स्तरमै विषेशज्ञ चिकित्सकिय स्वास्थ्य सेवा प्राप्त गर्न सक्नेछन् ।

१०६. स्वास्थ्य संस्थाहरुमा संञ्चालनमा रहेका प्रयोगशालाहरुको स्तरोन्नती गरी स्वास्थ्य चौकीहरुमा जेष्ठ नागरिक, गर्भवति, सुत्केरी र महिला स्वास्थ्य स्वयं सेविकाहरुको स्वास्थ्य परिक्षण सेवा र गर्भवती महिलाहरुलाई ग्रामीण अल्ट्रासाउण्ड सेवा निशुल्क गर्ने व्यवस्था निरन्तरता दिईनेछ ।

१०७. विश्व व्यापीरुपमा फैलिएको कोभिड १९ महामारीवाट नेपाल पनि अति जोखिममा रहेकोले सो को संक्रमण रोकथाम तथा न्युनिकरण गर्ने नीतिलाई उच्च प्राथमिकता दिईनेछ । जनताको स्वस्थ जिवन यापन गर्न पाउने अधिकारलाई सुनिश्चित गर्न कोभिड १९ विरुद्धको खोप लगाउने कार्यक्रमलाई प्राथमिकता दिई कार्ययोजना तयार गरी कार्यन्वयनगर्ने नीति लिईनेछ।

१०८. विभिन्न सरुवा रोगहरुको महमारी तथा कोराना भाइरस संक्रमण जस्ता अन्य महामारीवाट हुन सक्ने असरलाई न्युनिकरण गर्न र प्रकोपको क्षति पश्चात हुनसक्ने महामारीको समयमै उचित व्यवस्थापनका लागि नगर स्तरिय RRT( Rapid Response Team ) लाई वजेट व्यवस्थापन गरी थप प्रभावकारी वनाईनेछ ।

१०९. आम नागरिकलाई गुणस्तरिय स्वास्थ्य सेवा सर्वसुलभ तरिकाले प्रवाह गर्न हरेक वडामा निशुल्क औषधिहरुको वर्षैभरी आपुर्तिलाई सुनिश्चित गरी जनताको घर दैलोमै स्वास्थ्य सेवाको पहुँच विस्तार गरिनेछ ।

११०. मातृ तथा नवशिशु मृत्युदरमा कमी ल्याउन र घरमै सुत्केरीहुने दरलाई शुन्य बनाउन नगर भित्रका सवै वडाका गर्भवतिहरुलाई नगरपालिका भित्रका सरकारी वर्थिङ्ग सेन्टरहरुमा सुत्केरी हुन सहजताका लागी निशुल्क एम्वुलेन्स सेवालाई निरन्तरता दिईनेछ । गर्भवति तथा सुत्केरी जाँच वृद्धि गर्न र संस्थागत प्रशुति वढाउन नियमित आईरन चक्की आपुर्ति, क्याल्सियम चक्कीको र आयोडिनको कमी हुन नदिन गर्भवति महिलाहरुलाई आयेडिन नुन प्याकेट वितरण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१११. सुरक्षित मातृत्व तथा नवजात शिशु स्वास्थ्य सुधारका लागी आवश्यक्ता र भौगोलिक विकटताका आधारमा थप वर्थिङ्ग सेन्टर स्थापना गर्दै त्यसका लागी आवश्यक जनशक्ति औजार तथा उपकरणको उचित व्यवस्था मिलाईनेछ ।

११२. गर्भवति तथा सुत्केरी र वालवालिकाको पोषण स्वास्थ्य सुधारका लागी स्थानिय श्रोत साधनको अधिकतम प्रयोग गरि कुपोषण हुने दरलाई कम गर्न जनचेतनामुलक कार्यक्रम संञ्चालन गरिनेछ  साथै कुपोषित् तथा उमेर अनुसार उचाई र तौल कम भएका बालबालिकाहरुको नियमित् स्वास्थ्य जाच , वृद्धि अनुगमन तथा स्वास्थ्य शिक्षा र अन्य जनचेतनामुलक कार्यहरुमा तिब्रता दिईने छ । साथै विधालय स्वास्थ्य शिक्षा तथा नियमित स्वास्थ्य परीक्षण कार्यक्रमलाई निरन्तरता दिईनेछ।

११३. राष्ट्रिय प्राथमिकता प्राप्त खोप, परिवार नियोजन, क्षयरोग, औलो, सुरक्षित मातृत्व जस्ता कार्यक्रमलाई उच्च प्राथमितामा राखि आवश्यक वजेटको व्यवस्था गरिनेछ ।

११४. स्वास्थ्यमा पहुच नभएका जनताहरु समुदायहरुका लागी वर्षमा एक पटक दुर दराजका आम समुदायलाई बिषेशज्ञ स्वास्थ्य सेवा प्रदान गर्न विषेशज्ञ स्वास्थ्य शिबिर संचालन गरिने छ । खास गरी जेष्ठ नागरिकहरुको आँखा जाँच, महिलाहरुको आंग खस्ने र तल्लो पेट समस्याको जाँच, पाठेघर मुखको क्यान्सर सम्बन्धि जाँच, अपाँगता भएका व्यक्तिहरुको लागि स्क्रिनिंग शिविर, दन्त शिविर र आबश्यकता अनुसार अन्य स्वास्थ्य शिबिर संचालन गरिनेछ ।

११५. थारु समुदायमा देखा परेको सिकलसेल एनिमिया जस्ता अनुवाशिक रोगहरुको वारेमा जनचेतनामुलक कार्यक्रमहरु संञ्चालन तथा खोज पडतालका लागी स्कृनिङ्ग क्याम्प संञ्चालन गरिनेछ । त्यस्तै विभिन्न नसर्ने रोगहरुको रोकथाम तथा नियन्त्रणका लागी समुदाय स्तरमा जनचेतनामुलक स्वास्थ्य शिक्षा कार्यक्रमहरु र स्कृनिङ क्याम्प संञ्चालन गरिनेछ ।

११६. स्वास्थ्य क्षेत्रमा काम गर्ने विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संघ संस्था हरु संग समन्वय र सहकार्य गरी स्वास्थ्य कार्यक्रमलाई एकद्धार प्रणालीवाट संचालन गर्ने व्यबस्थाका लागी सहजीकरण गरिनेछ ।

११७. स्वास्थ्य व्यवस्थापन सुचना प्रणालीलाई प्रभावकारी रुपमा कार्यान्वयमा ल्याईनेछ ।

११८. भौतिक संरचना नभएका सेवा प्रदायक संस्थाका लागि भौतिक संरचनाको व्यवस्था गरिनेछ ।

११९. महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई प्रोत्साहन स्वरुप स्वास्थ्य आमा समुहको वैठक संञ्चालन वाफत प्रदान गर्दै आईरहेको यातायात खर्च दिने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

१२०. सामाजिक सुरक्षा भत्ताका लागि नविकरण गर्दा अनिवार्य रुपमा स्वास्थ्य बिमा कार्ड लिएर आउनु पर्ने र बालबालिकालाई विद्यालय भर्ना गर्दा पुर्ण खोप कार्ड लिएर आउनु पर्ने नीति लिईनेछ ।

१२१. महा प्रस्थान यान (शव बाहन) सञ्चालनमा ल्यानुका साथै आर्यघाटहरुलाई व्यवस्थीत गर्दै लगिनेछ।

## २.४ खानेपानी तथा सरसफाई

१२२. एक घर एक धारा कार्यक्रम सञ्चालन गर्न खानेपानी सरसफाई तथा स्वच्छता योजना निर्माण गरिनेछ।

१२३. मेरो पालिका मै सफा गर्छु भन्ने अभियान सञ्चालन गर्न प्रत्येक महिनाको अन्तिम बिहीबारलाई सरसफाई दिनको रुपमा मनाईने नीति लिईनेछ ।

१२४. कुहिने र नकुहिने फोहरको वर्गिकरण गरी डम्पिङ्ग साईटमा विसर्जन गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ।

१२५. नदी, खोला, नाला, कुलोमा फोहरमैला फाल्ने तथा ढल मिसाउने कार्यलाई पुर्ण रुपमा निरुत्साहित गरिनेछ।

१२६. जल, वायू, माटो, ध्वनि लगायत सबै प्रकारको प्रदूषणको रोकथाम र नियन्त्रण गर्ने नीति लिईनेछ।

१२७. प्रदुषण नियन्त्रण गर्न सोध, अनुसन्धान र क्षमता अभिबृद्धि एवं चेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१२८. नगर क्षेत्र भित्रका प्रमुख बजारहरु, खोलानाला र सडक सफाई कार्यलाई विशेष प्राथमिकता दिइनेछ।

१२९. सरसफाईका लागि प्रशासन, सुरक्षा निकाय, सीमा जोडिएका पालिका, गैरसरकारी संघ संस्था, विद्यालय र आम नागरिकहरु बीचमा सहकार्य र समन्वय कायम गरिनेछ।

१३०. सार्वजनिक स्थानहरुमा फोहोरमैला विर्सजन गर्ने तथा प्रदूषणयुक्त कार्य गर्ने व्यक्ति तथा संस्थाहरुको पहिचान गरी नियमनका साथै कानूनी कारवाही गरिनेछ।

१३१. संचालनमा रहेका तथा अधुरा खानेपानी योजनाहरुको नियन्त्रण र नियमन गरिनेछ।

## २.५ लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धि नीति

१३२. विभिन्न संघसंस्थाहरूको सहकार्य र समन्वयमा लैंगिक हिंसा तथा सामाजिक कुरीति न्यूनिकरणका लागि विभिन्न सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१३३. बालमैत्री नगरपालिका बनाउनका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१३४. बाल विवाह न्युनिकरणका लागि विवाह पुर्व वडा कार्यालयको अनिवार्य सिफारिस लिने व्यवस्था गरिनेछ ।

१३५. नगरस्तरीय महिला, बालबालिका तथा जेष्ठनागरिक र अपांगता संग सम्बन्धित संघसंस्था तथा समुह, सञ्जाल गठन दर्ता प्रक्रिया लाई व्यवस्थित गरिनेछ ।

१३६. नगरपालिका भित्र रहेका महिला, बालबालिका तथा जेष्ठनागरिक र अपांगता भएकाहरुको वडागत तथ्यांक लिई सेवा र पहुचको अवस्था विष्लेषण गरि तथ्यांक अद्यावधिक गरि प्रोत्साहन गरिनेछ ।

१३७. उत्कृष्ट महिला तथा अपांग उद्यमीहरुलाई पुरष्कृत गर्ने व्यवस्था गरिनेछ ।

१३८. अशक्त, असहाय जेष्ठ नागरिकहरुलाई प्रदान गरीने सेवालाई घरदैलो मै पुर्याउने नीति लिईनेछ ।

१३९. लक्षित वर्गहरुलाई सशक्तिकरणकालागि जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१४०. लागुऔषध दुव्र्यसनी, मानव बेचविखन ओसार पसार नियन्त्रण, संगठित अपराध, आत्महत्या न्युनिकरण गर्न सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

## २.६ सामाजिक सुरक्षा तथा पञ्जिकरण सम्वन्धी नीतिहरु

१४१. शिक्षा,तालिम,कार्यक्रम,पर्चा, पम्पलेट, रेडियो जिङ्गल तथा सडक नाटक र घुम्ती शिविर मार्फत व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षाको महत्व अभिवृद्धीगरि सवै नागरीकमा पहुच पुर्याइनेछ।

१४२. सामाजिक सुरक्षा वितरण प्रणाली लाई थप प्रभावकारी वनाउन EFT प्रणाली लागु गर्दै लगिनेछ।

**सभाका सदस्यहरु,**

अब म, **पुर्वाधार विकास विकास** तर्फ सडक,यातायात,भवन तथा शहरी विकास,सुचना तथा संचार सम्बन्धी नीति प्रस्तुत गर्दछु।

## ३ पुर्वाधार विकास नीति

## ३.१ सडक यातायात नीति

१४३. नगरपालिका स्तरीय बाहिरी चक्रपथ निर्माणको विस्तृत आयोजना प्रतिदेवन तयार गरिनेछ।

१४४. नगरपालिका केन्द्र र नगरपालिकाका वडा केन्द्रहरुलाई जोडने सडक लाई नाला सहित कालोपत्रे गर्न विशेष प्राथमिकता दिईनेछ।

१४५. नगरपालिकाको पञ्च बर्षिय पुर्वाधार विकासको योजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ।

१४६. काठे पुलहरु क्रमश विस्थापित गर्दै लगिनेछ ।

१४७.स्थानीय पुर्बाधार विकास कार्यक्रममा DPR तयार भएका  भवन, सडक, पुल, खानेपानी सिचाई, तटबन्धन, फोहोरमैला व्यवस्थापन लगायतका आयोजनाहरुलाई उच्च प्राथमिकतामा राखिनेछ।

१४८.विभिन्न सडकहरुको सडक अधिकार क्षेत्रभित्र अतिक्रमण गर्ने प्रवृत्तिलाई निरुत्साहित गरिनेछ।

१४९.कृषिजन्य उत्पादन र कृषि वजारको बजारिकरण र विस्तारका लागि कृषि मार्गको विस्तार र स्तरोउन्नतीमा जोड दिईनेछ ।

१५०.नगरपालिकाका सडकहरुलाई "Clean & Green" सडकका रुपमा विस्तार गर्दै लगिनेछ।

१५१.साडेपानीमा भएको रिफ्रेश सेन्टरलाई बस पार्कको रुपमा स्तरोन्नती गरिदै लगिनेछ।

## ३.२भवन तथा शहरी बिकास नीति

१५२.भवन निर्माणको नक्सा पास गर्दा भवन मापदण्डलाइ कडाइकासाथ पालना गर्नु पर्ने र  आफ्नो घर अगाडिको  नाला आफैले बनाउनुका साथै घर परिसरमा कम्तिमा दुईटा रुख रोप्ने कार्यक्रमको सुरुवात गरिनेछ ।

१५३.सबै बस्ति लाई व्यवस्थित गर्न Town Planning को नीति लिइनेछ ।

१५४.नगरपालिकाको आन्तरीक स्रोतको दिगो व्यवस्थापनका लागि प्राप्त डिपिआर अनुसार बहुउद्धेशीय भवन(Multi-Purpose Complex) निर्माण कार्यलाई प्राथमिकता दिईनेछ ।

१५५.नक्शा पास गर्ने गराउन र भूकम्प प्रतिरोधी भवन बनाउन आवश्यक तालिम र सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

१५६.नगर योजना कार्यान्वयन गर्दा योजनाको सम्झौता तथा योजना फरफारक गर्दा Pre-Project  र Post Project Photo को नीति आगामी बर्ष पनि निरन्तरता दिइनेछ ।

१५७.मुख्य शहरी क्षेत्रलाई सुन्दर र व्यवस्थित गराउनकोलागि नगरपालिकाका मुख्य मुख्य क्षेत्रहरुमा प्रतिक्षालय निर्माण गर्नुका साथैनगर क्षेत्रमा पार्किङ्ग स्थलको व्यवस्था गरी ट्राफिक व्यवस्थापनलाई प्रभावकारी बनाउने नीति अवलम्बन गरिनेछ ।

१५८.घोडाघोडी ताल क्षेत्रमा थारु मरुवाको रुपमा रहेको मन्दिरलाई धार्मिक तथा पर्यटकिय विकास गर्न विशाल मन्दिर निर्माणका लागि आवस्यक पहल गरिनेछ ।

१५९.निर्माणाधिन धर्मशालामा योग तथा ध्यान केन्द्र सञ्चालनको नीति लिईनेछ ।

१६०. जेष्ठ नागरिक सामुदायिक विकास केन्द्र निर्माणका लागि साझेदार संस्था संग समन्वय गरिनेछ ।

## ३.३ सूचना तथा सञ्चार नीति

१६१. सूचना संचार र प्रविधिमा सबै नगरवासीहरुको पहुँच पुर्याउन प्रभावकारी दूरसंचार सेवाको विस्तार गर्दै नगर भित्रका कार्यालयहरुमा जडान भएका Optical Fiber Network, Data Server, IP Camera लाई थप व्यवस्थित बनाउन Control Room को व्यवस्था गरिने छ ।

१६२. नगरपालिका क्षेत्र भित्र "e-Library" स्थापना गर्ने नीति अवलम्बन गरिने छ । साथै सार्वजनिक निजी साझेदारी (PPP) को अवधारणा बमोजिम अध्ययन, अनुसन्धान र परामर्श केन्द्र स्थापना गर्न पहल गरिनेछ ।

१६३. पालिकामा संचारलाई प्रभावकारी वनाउन सेवा प्रदायक संस्थाहरु संग समन्वय गरिनेछ।

१६४. पालिकाको सम्पुर्ण वडाहरुको श्रोत नक्शाकंन  GIS Mapping कार्यलाई निरन्तरता दिइनेछ ।

१६५. यस नगरपालिकाको विद्युतिय सुशासन प्रवद्र्धन गर्न Digital Citizen Charter, Data Portal, Voice Broadcasting System, File Tracking System, Interactive Display समावेश गरी वडाहरुमा समेत यो प्रणाली लागु गरिनेछ ।

१६६. राजश्व चुहावट अनुसन्धान, राजश्व संकलनलाई थप पारदर्शी र प्रभावकारी बनाउन सूचना प्रविधिको प्रयोग गरिनेछ ।

१६७. पर्यटकीय सूचनालाई विद्युतिय सूचनामा आवद्ध गरी पर्यटन प्रवद्र्धन गर्ने नीति लिइनेछ।

१६८. आवश्यकताका आधारमा जनतासंग कार्यालय अनलाइन अन्तरकृया कार्यक्रम सञ्चालन गरिनेछ।

१६९. प्रविधि मैत्रि सरकारी कार्यालय तथा कर्मचारी परिचालन गर्ने नीति लिइनेछ ।

१७०. नगर क्षेत्रका विभिन्न पक्षहरुको तथ्याङ्क तथा सूचनाहरु संकलन गर्न सूचना प्रविधिको प्रयोग (गुगल फर्म, कोबो कलेक्ट, क्लाउड ड्राइभहरु) गरिनेछ ।

१७१. नगरपालिकामा संकलित सूचना तथा तथ्याङ्कहरुको विश्लेषण गरी सारांश प्रकाशित गरी आवश्यकता अनुसार सूचना अधिकारी मार्फत सम्बद्ध पक्षलाई उपलब्ध गराइनेछ ।

१७२. प्राप्त सूचनाको ग्राफ तथा प्रगति चार्टहरु बनाई समीक्षालयको स्थापनाको लागि पहल गरिनेछ ।

**सभाका सदस्यहरु,**

अब म, **सुशासन तथा अन्तर सम्वन्धित क्षेत्र** तर्फ सुशासन तथा संस्थागत विकास,वित्तिय व्यवस्थापन तथा राजस्व परिचालन र न्याय सम्बन्धी नीति प्रस्तुत गर्दछु।

## ४ सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र

### ४.१ सुशासन तथा संस्थागत विकास नीति

१७३. आवश्यकताका आधारमा कानून बमोजिम संगठन विकासको थप अध्ययन गरी संगठन संरचना, दरवन्दीको व्यवस्था, शाखागत कार्य विवरण पुनरावलोकन गरी अद्यावधिक गरिनेछ ।

१७४. नगरपालिकाबाट प्रदान गरिने सेवालाई  प्रभावकारी जनउत्तरदायी र पारदर्शि, बनाउन सुशासनका सूचकहरुको प्रभावकारी प्रयोग गरिनेछ ।

१७५. कर्मचारीहरुलाई उत्प्रेरित गरी कार्य सम्पादनलाई प्रभावकारी बनाउन वृत्ति विकास, पदोन्नति, पुरस्कार र दण्ड सजायको नीति लिइनेछ ।

१७६. सबै वडामा घुम्ती रुपमा नगर कार्यपालिकाको बैठक बस्ने व्यवस्थालाई निरन्तरता दिईनेछ

१७७. नागरिक वडापत्र, सुशासन हेल्प डेस्क, सार्वजनिक सुनवाई, गुनासो सुझाव पेटिका, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण तथा प्रभावकारी सूचना प्रशारण प्रणालीको व्यवस्था मिलाइनेछ ।

१७८. सवै वडामा टोल विकास संस्थाहरु गठन कार्यमा पूर्णता दिई नगर विकासमा परिचालन गरिनेछ ।

१७९. वडा भित्रको सार्वजनिक सम्पति, प्राकृतिक स्रोत साधन, धार्मिक, सांस्कृतिक, पुरातात्विक सम्पदा आदिको संरक्षण, सम्बर्द्धन तथा अभिलेखीकरण गर्ने कार्य सम्बन्धित वडा कार्यालयबाट गर्ने व्यवस्थालाई व्यवस्थित बनाइनेछ ।

१८०. कार्यालयमा रहेको बेरुजु तथा पेश्की फर्छयौटलाई प्रथामिकता दिईनेछ ।

१८१. उपभोक्ता समिति मार्फत सम्पादन हुने ५ लाख मुनिका विकास निर्माण कार्यका लागि पेश्की दिने कार्यलाई निरुत्साहित गरिनेछ ।

१८२. आर्थिक पारदर्शिता र वित्तिय अनुशासन कायम गर्नका लागि आन्तरीक नियन्त्रण प्रणालीलाई व्यवस्थित गर्न खर्च कार्यविधि बनाई कार्यान्वयन गरिनेछ ।

१८३. जनप्रतिनिधि तथा कर्मचारीहरुको लागि क्षमता विकास, उत्प्रेरणा र अध्ययन अवलोकन भ्रमण जस्ता कार्यक्रमहरु संचालन गरिनेछ ।

१८४. वार्षिक बजेट,नीति तथा कार्यक्रम कार्यान्वयनको लागि वार्षिक कार्य योजना तयार गर्नुका साथै हरेक महिना सम्वन्धित शाखा प्रमुखहरुले कार्य अवस्थाको प्रगती सम्वन्धमा मासिक रिपोर्ट कार्ड तयार गरि विषयगत समितिका संयोजक मार्फत कार्यपालिका वैठकमा प्रस्तुत गर्ने नीति लिईनेछ।

१८५. नगरका विभिन्न आयोजना, कार्यक्रम तथा बजार अनुगमन समेतलाई प्रभावकारी बनाइनेछ ।

१८६. परम्परागत रुपमा समाज सञ्चालनको आधार स्तम्भको रुपमा रहेका भलमन्सा तथा मूखिया प्रणालीलाई थप व्यवस्थित गर्न आवश्यक समन्वय तथा सहजिकरण गरिनेछ ।

१८७. नगरपालिकाको विकास निर्माण, सेवाप्रवाहको अवस्था, राजस्व सङ्कलन लगायतका आधारमा उत्कृष्ट वडाहरु छनोट गर्ने मापदण्ड निर्माण गरी पुरस्कृत गरिनेछ ।

१८८. सडक तथा फुटपाथमा हुने अव्यवस्थित पार्किङ, निर्माण सामाग्री तथा व्यापार र पसलहरुको अनाधिकृत प्रयोगलाई दुरुत्साहित गर्दै उचित व्यवस्थापन गरिने नीति लिइनेछ ।

१८९. अन्तर सम्बन्धित विषयहरूमा संघ, प्रदेश र स्थानीय सरकार तथा जिल्ला समन्वय समितिसँग आवश्यक समन्वय र सहकार्य गरि व्यवस्थापन गरिनेछ ।

१९०. कर्मचारी कल्याण कोष स्थापना गरी व्यवस्थित गरिनेछ ।

१९१. आवश्यकताका आधारमा सम्भाव्यता अध्ययन गरी जनशक्ति सहितको कृषि र पशु सेवा केन्द्रहरु विस्तार गरिनेछ ।

१९२. सेवा प्रवाहलाई प्रभावकारी गर्न एकिकृत घुम्ती सेवा सञ्चालन गरिनेछ ।

## ४.२वित्तिय व्यवस्थापन तथा राजस्व परिचालन नीति

१९३. समसामयिक राजश्व परिचालन तथा कर नीतिका बारेमा करदाता शिक्षा, कर सप्ताह कार्यक्रम, डिजिटल कर प्रणाली संचालन गरिनेछ।

१९४. यस नगरपालिकाबाट प्रबाह गरिने सम्पूर्ण सेवालाई राजश्वसंग प्रत्यक्ष सम्बन्ध राखी कुनै पनि सेवा तथा सुबिधालाई राजश्व क्लियरेन्सको आधारमा सेवा प्रबाह गरिने छ।

१९५. **"समयमै तिरौ कर, परौं स्थानीय सरकारको भर"** भन्ने मूल नाराका साथ करका दरहरूलाई समयानुकुल र बैज्ञानिक बनाई करको दायरामा नसमेटिएका उद्योग, व्यावसाय र कारोबारलाई नियमन गरिनेछ।

१९६. राजश्वछली तथा चुहावट नियन्त्रणका लागि अनुगमन तथा निरीक्षणको ब्यबस्था मार्फत सुचना संकलनको प्रभावकारी संयन्त्र स्थापना गरि परिचालन गरिनेछ।

१९७. घर तथा जग्गा बहालकारलाई राजश्वको अत्यन्तै महत्वपूर्ण श्रोतको रुपमा छुट्टै गणना सहितको प्रणाली बिकाश गरि राजश्व लाई अभिवृद्धि गरिनेछ।

१९८. समसामयिक राजश्व परिचालन तथा कर नीतिका बारेमा करदाता शिक्षा सम्बन्धि अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ।

१९९. अनलाइन घर नक्शा पासको व्यवस्थालाई कार्यान्वयन गर्न आबश्यक पहल गरिनेछ।

२००. असल करदाता तथा असल कर संकलन कर्तालाई सम्मान गर्ने नीति लिइनेछ।

## ४.३ न्याय सम्बन्धी नीति

२०१. न्यायमा सहज पहुँच अभिवृद्धी गर्न मेलमिलाप केन्द्रलाई प्रभावकारी रुपमा संचालन गरिनेछ ।

२०२. मेलमिलाप कर्ताहरुलाई प्रोत्साहन गर्न क्षमता बिकास गर्दै लगिनेछ ।

२०३. आम नगर बासीको न्यायमा पहुच अभिवृद्धि गर्न वडा टोल तथा बस्ति स्तरमा सचेतना अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ ।

२०४. यस नगरपालिका र अन्य स्थानीय तह विच न्याय सम्पादन, कार्यान्वयन, अनुभव र सिकाईहरु आदान प्रदान गरी न्यायिक प्रणाली प्रभावकारी बनाईनेछ ।

**सभाका सदस्यहरु,**

अब म, **वन,वातावरण तथा विपद व्यवस्थापन** सम्बन्धी नीति प्रस्तुत गर्दछु।

## ५. वन, वातावरण तथा विपद् व्यवस्थापन

२०५. सामुदायिक वन विकासमा जोड दिइ जलवायु अनुकुलन मानवीय जीवन र वस्तीको विकास गरिनेछ।

२०६.प्रत्येक वडामा सुरक्षित स्थानहरुको पहिचान गरी विपद पीडितहरुलाइ सुरक्षित स्थानमा राख्न व्यवस्थित गरिनेछ ।

२०७.विपद जोखिम सचेतीकरण तथा न्यूनीकरण सम्बन्धी जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

२०८.स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रलाइ स्तरोन्नती गरी व्यवस्थित रुपमा सञ्चालन गरिनेछ ।

२०९.टेङना,डोडा,शिवगंगा,कन्द्री,झर्झरिया,वौराहा,शुक्तीकाडा लगायतका नदी बाट हुने क्षति न्युनिकरण गर्न तटवन्धनलाई जोड दिईनुका साथै कटान रोक्नका लागि जैविक तटबन्ध निर्माण कार्यलाइ विशेष जोड दिइनेछ ।

२१०.दाह संस्कार तथा विपद् व्यवस्थापनका लागि सामुदायिक वनहरुबाट दाउरा उपलब्ध गराउन दाउरा डिपो राख्न प्रोत्साहन गरिनेछ ।

२११.लोपोन्मुख प्रजातीका वनस्पति संरक्षण क्षेत्र बाहेकका सामुदायिक वन क्षेत्र भित्र चरिचरन क्षेत्र सुनिश्चित गर्ने नीति लिइनेछ ।

२१२.कान्द्रा नदि नियन्त्रण गर्न विस्तृत गुरुयोजना निर्माण गरिनेछ।

२१३.सामुदायीक वन तथा विकास साझेदार संस्थाहरु संग समन्वय गरि वन वातावरण तथा सामाजिक क्षेत्र विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**सभाका सदस्यहरु,**

यो २०८०-०८१को नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट नगरको विकासको आधारशिला खडा हुनेछ,आर्थिक पार्दर्शिता र सुशासन कायम हुनेछ।नगरको सेवाको गुणस्तर वृद्धी भई घोडाघोडी **उत्कृष्ट नगर सरकारको** रुपमा अंकित हुनेछ। यो नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सवै क्षेत्रबाट विशिष्ट योग्दान हुनेछ भन्ने विश्वास लिएको छु

अन्त्यमा नगरको विकासमा योगदान पुर्याउनु हुने जनप्रतिनिधिज्युहरु र राष्ट्रसेवक कर्मचारी,राजनैतिक दल, निजी क्षेत्र, सहकारी तथा संघ संस्था नागरीक समाज, वुद्धिजिवि, भलमान्सा, संचार जगत, सुरक्षा निकाय तथा सम्पुर्ण नगरवासीहरुलाई धन्यबाद ज्ञापन गर्दछु।

घोडाघोडी नगरसरकारको तर्फबाट मैले हालसम्म प्राप्त उपलव्धीहरुलाई अझ सुदृढ वनाउदै,आर्थीक,सामाजिक,पुर्वाधार र सास्कृतीक लगायत सवै क्षेत्रको समतामुलक विकासका लागि **समतामुलक,समृद्ध पर्यटकीय नगरी,पहिचान सहितको हाम्रो घोडाघोडी** भन्ने दिर्घकालिन लक्ष्य सहित **समृद्ध नगर र सुखी नगरवासी**को आकांक्षा पुरा गर्ने अठोटका साथ आर्थिक वर्ष २०८०-०८१ को बार्षीक नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु।

**धन्यवाद**

नगर प्रमुख
खडक बहादुर रावत